# इलाका प्रशासन कार्यालय,राजारानी धनकुटाको नागरिक बडापत्र/चेकलिष्ट

इलाका प्रशासन कार्यालय,राजारानी धनकुटाको कार्यालयबाट प्रदान गर्ने सेवामा आवश्यक पर्ने कागजातहरूको चेकलिस्ट

| सेवाको किसिम | सेवा प्राप्त गर्न चाहिने कागजातहरू |
|---|---|
| **१. नयाँ नागरिकता** | **<u>क. वंशज</u>**<br>• सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भएको नियमावलीको अनुसूची १ बमोजिमको फाराम।<br>• आमा र बाबुको नागरिकताको प्रमाण पत्र।<br>• बाबु आमाको विवाह दर्ता प्रमाणपत्र।<br>• आमा र बाबुको नागरिकता नबन्दै मृत्यु भएको अवस्थामा आफ्नो वंशज तर्फका तीनपुस्ता भित्रका नातेदारको नागरिकताको प्रमाण पत्र।<br>• जन्म दर्ता र शैक्षिक योग्यताको प्रमाण पत्र।<br>• सनाखतको लागि बाबु वा आमा वाहेक आफ्नो वंश तर्फका तीन पुस्ताभित्रका नातेदार उपस्थित भएको खण्डमा निजको नागरिकता र नाता खुल्ने कागजात।<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमी भएको २.५x३ cm साइजको फोटो २ प्रति।<br>• विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ताको प्रमाण पत्र समेत । साथै सनाखतको लागि पति/सासु/ससुरा/जेठाजु/देवरमध्ये कुनै एक जना नागरिकताको प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने।<br>• बसाईसराई भई आएकै व्यक्तिको हकमा बसाईसराईको दर्ता प्रमाणपत्र।<br>• कर्मचारीको परिवारले कर्मचारी कार्यरत रहेको जिल्लाबाट नागरिकताको प्रमाणपत्र लिन चाहेमा सम्बन्धित कार्यालयको सिफारिस समेत ।<br>**<u>ख. वैवाहिक अंगीकृत</u>**<br>• सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भएको नियमावलीको अनुसूची ७ बमोजिमको सिफारिस फाराम।<br>• जन्म दर्ता वा जन्म मिति खुल्ने सरकारी कागज र उपलब्ध भएसम्म शैक्षिक योग्यताको प्रमाण पत्र।<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमी भएको २.५x३ cm साइजको |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | फोटो २ प्रति।<br>• पतिको नागरिकता, विवाह दर्ताको प्रमाण पत्र र सम्बन्धित स्थानीय तहको सिफारिस<br>• सनाखतको लागि पति/सासु/ससुरा/जेठानु/देवरमध्य कुनै एक जना निजको नागरिकताको प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने<br>• पतिको बसाईसराई भई आएकको व्यक्तिको हकमा बसाईसराईको दर्ता प्रमाणपत्र<br>• आफु जन्मेको मुलुकको नागरिकता त्याग गर्न कारबाही चलाएको निस्सा<br>• वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्नु अगावै पतिको मृत्यु भइसकेको अवस्थामा पतिको मृत्युदर्ता प्रमाणपत्र र पतिसँग नाता खुल्ने तीन पुस्ताभित्रको व्यक्तिको नागरिकताको प्रमाणपत्र र सनाखत ।<br>**<u>ग. आमाको नामबाट वंशजको नागरिकता प्राप्त गर्न</u>**<br>• नियमावलीको अनुसूची १ बमोजिमको विवरण भरी सम्बन्धित वडा कार्यालयबाट फोटो समेत प्रमाणित गरेको फाराम<br>• आमाको नेपाली नागरिकताको प्रमाणपत्र<br>• जन्म दर्ता र शैक्षिक योग्यताको प्रमाण पत्र<br>• जन्मस्थान र आमासँगको नाता साथै नेपालमा जन्म भई नेपालमा नै बसोवास गर्दै आएकको र निजको बाबुको पहिचान हुन नसकेको व्यवहारा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस र सर्जमिन मुचुल्का<br>• दुवै कान देखिने हालसालै खिचिएको सेतो पृष्ठभूमि भएको २.५x३ cm साइजको फोटो २ प्रति<br>• आमाको सनाखत<br>• नियमावलीको अनुसूची ४ (क) र ४ (ख) बमोजिमको स्वघोषणा<br>• आमाको मृत्यु भइसकेको भए मृत्युदर्ता प्रमाणपत्र र होस ठेगानामा नरहेकोमा स्वीकृत चिकित्सकको सिफारिस ।<br>**<u>घ. मातृत्व र पितृत्व ठेगान नभएकाको नागरिकता प्राप्त गर्न</u>**<br>• नियमावलीको अनुसूची १ बमोजिमको विवरण भरी सम्बन्धित वडा कार्यालयबाट फोटो समेत प्रमाणित गरेको फाराम<br>• बालमन्दिर, अनाथालय जस्ता नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा हुर्केको |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | भए त्यस्तो संस्थाको सिफारिस र संस्थाको प्रमुखको सनाखत साथै सो को आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस र सर्जमिन मुचुल्का<br>• कानूनी संरक्षकद्वारा हुकाइएको भए त्यस्तो संरक्षकले गरेको सनाखत सहित निजको नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस र सर्जमिन मुचुल्का<br>• कुनै व्यक्ति विशेषले पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र तथा सनाखत र सोही व्यहोरा बमोजिमको सम्बन्धित स्थानीय तहको सिफारिस र सर्जमिन मुचुल्का।<br>**<u>ङ. गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न(सार्क राष्ट्र बाहेकका देशमा बसोबास गर्नेको हकमा)</u>**<br>• नियमावलीको अनुसूची ८(ग) बमोजिमको विवरण भरी सम्बन्धित वडा कार्यालयबाट फोटो समेत प्रमाणित गरेको फाराम<br>• निवेदकको वा निजको बाबु वा आमा ,बाजे वा बज्यै को नेपाली नागरिकता प्रमाणपत्र<br>• साविकमा नेपालको नागरिकता लिएको भए नागरिकता त्याग गरेको प्रमाण<br>• विदेशी मुलुकको नागरिकता भएको प्रमाण<br>• सार्क राष्ट्र बाहेकका देशमा बसोबास गरेको प्रमाण<br>• हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानी<br>• नियमावलीको अनुसूची ८(घ) बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची ८(च) बमोजिमको सपथ<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमी भएको २.५x३ cm साइजको फोटो २ प्रति<br>• जसको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिने हो, उक्त नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने।<br>**<u>च. जन्मको आधारमा नेपाली नागरिकता लिएका आमा र बाबुका सन्तानले वंशजको नागरिकता प्राप्त गर्न</u>**<br>• नियमावलीको अनुसूची १ बमोजिमको विवरण भरी सम्बन्धित वडा कार्यालयबाट फोटो समेत प्रमाणित गरेको फाराम |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | • दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमी भएको २.५x३ cm साइजको फोटो २ प्रति<br>• आमा र बाबुको नेपाली नागरिकताको प्रमाणपत्र<br>• जन्मदर्ता प्रमाणपत्र<br>• जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस<br>• शैक्षिक योग्यताको प्रमाण पत्र<br>• बसाई सराई दर्ता प्रमाणपत्र (ठेगाना परिवर्तन गरी नागरिकता लिन चाहेमा)<br>• आम र बाबुको विवाह दर्ता प्रमाणपत्र<br>• आम र बाबु मध्ये कोही वा दुबैको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाण पत्र<br>• सनाखतको लागि बाबु वा आम उपस्थित हुनुपर्ने, सो हुन नसकेमा निवेदकका वंश तर्फका तीन पुस्ताभित्रका नातेदार निजको नागरिकता र नाता खुल्ने कागजात सहित उपस्थित हुनुपर्ने |
| **२.नागरिकताको प्रतिलिपि** | **<u>क) नागरिकता हराएको, च्यातिएको वा नष्ट भएको हकमा</u>**<br>• नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउँ भन्ने ढाँचाको निवेदन र सम्बन्धित स्थानीय तहको सिफारिस<br>• दुबै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमि भएको २.५x३ cm साइजको फोटो २ प्रति<br>• पहिले जारी भएको नागरिकता प्रमाणपत्र च्यातिएको वा फाटेको भएमा सोही अवस्थाको नागरिकताको सक्कल प्रति र हराएको वा नष्ट भएको हकमा उक्त नागरिकता प्रमाणपत्रको छायाँप्रति<br>• सम्बन्धित व्यक्तिको निवेदन<br>• कर्मचारीको परिवारले कर्मचारी कार्यरत रहेको जिल्लाबाट नागरिकताको प्रमाणपत्र लिन चाहमा सम्बन्धित कार्यालयको सिफारिस समेत ।<br>**<u>ख) पतिको नामथर र ठेगाना कायम गर्ने</u>**<br>• नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउँ भन्ने दाँचाको निवेदन र सम्बन्धित स्थानीय तहको सिफारिस<br>• दुबै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमि भएको २.५x३ cm साइजको |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

फोटो २ प्रति

• निवेदकको नागरिकता प्रमाणपत्र

• निवेदकको पतिको नागरिकताको प्रमाण पत्र

• विवाह दर्ताको प्रमाण पत्र

• सनाखतको लागि पति/सासु/ससुरा/जेठानु/देवरमध्ये कुनै एक जना निजको नागरिकताको प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने

• पतिको वसाईसराई भई आएको व्यक्तिको हकमा वसाईसराईको दर्ता प्रमाणपत्र

• सम्बन्धित व्यक्तिको निवेदन

• कर्मचारीको परिवारले कर्मचारी कार्यरत रहेको जिल्लाबाट नागरिकताको प्रमाणपत्र लिन चाहमा सम्बन्धित कार्यालयको सिफारिस समेत ।

मस्यौदा

**<u>ग) पतिको नामथर हटाउने वा माईतिको थर र ठेगाना कायम गर्ने</u>**

• नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउँ भन्ने ढाँचाको निवेदन र सम्बन्धित स्थानीय तहको सिफारिस

• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमि भएको २.५x३ cm साइजको फोटो २ प्रति

• सम्बन्ध विच्छेद गरेको अदालतको फैसला र सम्बन्ध विच्छेद घटना दर्ता प्रमाण पत्र

• सकल नागरिकता सहित माइती तर्फको आमा/बाबु/दाजु/भाई वा सो नभए तीन पुस्ता भित्रका नातेदारको सनाखत

• पतिको नाम थर र ठेगाना हटाई माइतीको थर र ठेगाना कायम गरी नागरिकताको प्रतिलिपि उपलब्ध गराई दिन भन्ने सम्बन्धित बडाको सिफारिस

• सम्बन्धित व्यक्तिको निवेदन

• कर्मचारीको परिवारले कर्मचारी कार्यरत रहेको जिल्लाबाट नागरिकताको प्रमाणपत्र लिन चाहेमा सम्बन्धित कार्यालयको सिफारिस समेत ।

**<u>घ) पुन: विवाह गरेको अवस्थामा हालको पतिको नामथर र ठेगाना कायम गर्ने</u>**

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | • नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि, निर्देशिका २०६३ मा उल्लेखित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउँ भन्ने ढाँचाको निवेदन र सम्बन्धित स्थानीय तहको सिफारिस<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमि भएको २.५x३ cm साइजको फोटो २ प्रति<br>• पतिको मृत्यु भएको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र वा सम्बन्ध विच्छेद भएको अवस्थामा अदालतको फैसला र सम्बन्ध विच्छेद घटना दर्ता प्रमाण पत्र<br>• निवेदक र निवेदकको हाल कायम गनुपर्ने पतिको नागरिकता प्रमाणपत्र<br>• विवाह दर्ताको प्रमाण पत्र<br>• सनाखतको लागि पति/सासु/ससुरा/जेठानु/देवरमध्य कुनै एक जना निजको नागरिकताको प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने<br>• सम्बन्धित व्यक्तिको निवेदन<br>• कर्मचारीको परिवारले कर्मचारी कार्यरत रहेको जिल्लाबाट नागरिकताको प्रमाणपत्र लिन चाहेमा सम्बन्धित कार्यालयको सिफारिस समेत ।<br>**ङ) थर संशोधन गर्ने**<br>• थर संशोधन गर्नुपर्नेको कारण खुलाई सम्बन्धित बडाले गरि दिएको सिफारिस पत्र<br>• दलितको हकमा राष्ट्रिय दलित आयोगबाट दलित जातीय अनुसूचिमा सूचीकृत जात जातिहरू भित्रको थर हुनुपर्ने<br>• सम्बन्धित व्यक्तिको निवेदन<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमी भएको २.५x३ cm साइजको फोटो २ प्रति |
| **३.नागरिकता त्याग गर्ने** | • नियमावलीको अनुसूची ९ बमोजिमको फाराम ।<br>• सकल नागरिकताको प्रमाणपत्र ।<br>• नागरिकता त्याग गर्ने व्यक्ति नेपालभित्रै बसेको भए सम्बन्धित जिल्ला प्रशासन कार्यालय र विदेशमा बसेको भए नेपाली नियोगमा निवेदन दिनुपर्ने । |
| **४. पुन: नेपाली नागरिकता कायम गर्ने** | • नियमावलीको अनुसूची ११ बमोजिमको निवेदन<br>• पहिले निजलाई जारी गरिएको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति<br>• विदेशको नागरिकता त्यागको निस्सा |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | • नेपालमा बसोबास गरिरहेको देखिने प्रमाण वा सम्बन्धित स्थानीय तहको सिफारिस।<br>• पहिले नागरिकता जारी भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने । |
| **५. नाबालक परिचयपत्र** | • सम्बन्धित स्थानीय तहबाट फोटो समेत प्रमाणित गरेको निर्धारित फाराम<br>• आमा र बाबुको नेपाली नागरिकताको प्रमाणपत्र<br>• आमाको नागरिकतामा बाबुको नामथर उल्लेख नभएको भए विवाह दर्ता प्रमाणपत्र<br>• जन्मदर्ताको प्रमाणपत्र<br>• आमा वा बाबुको सनाखत<br>• बाबु/आमा बाहेक तीन पुस्ताभित्रका परिवारका सदस्य सनाखत गर्न आएको खण्डमा सक्कल नागरिकता सहित नाबालकसंगको नाता भिड्ने कागजात<br>• नाबालक स्वयं उपस्थित हुनुपर्ने<br>• दुवै कान देखिने हालसालै खिचेको सेतो पृष्ठभूमी भएको २.५x३ cm साइजको फोटो ३ प्रति |
| **६.नागरिकताको प्रमाणपत्र र अन्य सरकारी कागजातमा नाम थर फरक परेमा सोको विवरण प्रमाणित गर्ने** | • सम्बन्धित स्थानीय तहको सिफारिस<br>• रु १० को टिकट सहित निर्धारित ढाँचाको निवेदन<br>• निवेदकको नेपाली नागरिकताको प्रमाण पत्र<br>• शैक्षिक योग्यताको प्रमाण पत्र वा अन्य सरकारी कागजात<br>• दुवै कान देखिने हालसालै खिचेको २.५x३ cm साइजको फोटो २ प्रति । |
| **७. पारिवारिक विवरण प्रमाणित** | • रु १० को टिकट सहित निर्धारित ढाँचाको निवेदन<br>• सम्बन्धित स्थानीय तहले फोटो समेत प्रमाणित गरेको पारिवारिक विवरण<br>• सम्बन्धित स्थानीय तहबाट जारी भएको नाता प्रमाणित प्रमाण पत्र<br>• पेन्सन पट्टा वा सम्बन्धित प्रमाण पत्र<br>• मृतकको हकमा मृत्यु दर्ता प्रमाण पत्र<br>• परिवारका सबै सदस्यहरूको नागरिकताको प्रमाण पत्र<br>• आवश्यकता अनुसार जन्मदर्ता र विवाह दर्ताको प्रमाणपत्र |
| **८. मधेशी, जनजाति, दलित, खस आदि प्रमाणित** | • रु १० को टिकट सहित निर्धारित ढाँचाको निवेदन<br>• सम्बन्धित स्थानीय तहको सिफारिस |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | • निवेदकको नागरिकताको प्रमाणपत्र। |
| **९.ठाडो उजुरी वा जीउ/ज्यानको सुरक्षा कायम गरी पाँउ भन्ने निवेदन** | • पीडित व्यक्तिको सम्पूर्ण व्यवहारा खुलाई आवश्यक प्रमाण सहितको निवेदन<br>• निवेदकको नागरिकताको प्रमाणपत्र।<br>• निवेदनमा सुरक्षा चुनौतिका आधार र कारण खुलाउनु पर्ने |
| **१०.संस्था दर्ता** | • संस्थाका सम्पूर्ण पदाधिकारीहरूले सहीछाप गरेको अनुसूची बमोजिमको निवेदन<br>• सम्बन्धित वडा कार्यालयको सिफारिस<br>• तदर्थ समिति गठन गरेको भेलाले माइन्युटको प्रतिलिपि ।<br>• संस्थाका सम्पूर्ण पदाधिकारीहरूले शिर र पुछारमा सहीछाप गरेको तोकिए बमोजिमको विधान ३ (तीन) प्रति<br>• संस्थाका सम्पूर्ण पदाधिकारीहरूको दुई प्रति नेपाली नागरिकताको प्रतिलिपि<br>• संस्था दर्ता गर्दा नियमानुसारको राजस्व तिरको बैंक भौचर |
| **११.संस्था नवीकरण** | • सम्बन्धित संस्थाको निवेदन<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• सक्कलै संस्था दर्ता प्रमाण पत्र<br>• संस्थाको साधारण सभाको उपस्थिति र निर्णय पुस्तिका<br>• संस्थाको गत आ.व.को लेखा परीक्षण प्रतिवेदन<br>• संस्थाको गत आ.व.को कर चुक्ता प्रमाण पत्र वा करदाता सेवा कार्यालयबाट म्याद थप गरिएको पत्र<br>• संस्थाका सम्पूर्ण पदाधिकारीहरूको फोन नम्बर सहितको नामावली विवरण<br>• लेखा परीक्षकको कर चुक्ता प्रमाण पत्र र फर्म नविकरण प्रमाण पत्र<br>• नियमानुसारको राजस्व तिरेको बैंक भौचर । |
| **१२. ब्लास्टिङ इजाजत पत्र** | • निवेदकको निवेदन<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• सम्बन्धित आयोजना प्रमुखको सिफारिस पत्र<br>• निवेदकको नेपाली नागरिकताको प्रमाण पत्र<br>• निवेदकको निरोगिताको प्रमाणपत्र<br>• निवेदकको २ प्रति पासपोर्ट साइजको फोटो<br>• प्रहरी चालचलन प्रतिवेदन। |

नेपाल सरकार गृह मन्त्रालय इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | • नियमानुसारको राजस्व तिरको बैंक भौचर । |
| **१३.ब्लास्टिङ इजाजत पत्र नविकरण** | • निवेदकको निवेदन<br>• ब्लास्टिङ इजाजतपत्रको सङ्कल प्रति<br>• सम्बन्धित आयोजना प्रमुखको सिफारिस पत्र<br>• निवेदकको निरोगिताको प्रमाणपत्र<br>• प्रहरी चालचलन प्रतिवेदन।<br>• नियमानुसार राजस्व तिरको बैंक भौचर। |
| **१४. हातहतियार** | **क) इजाजतपत्र नवीकरण**<br>• निवेदकको निवेदन<br>• हतियार इजाजतपत्रको सक्कल प्रति<br>• नियमानुसार राजस्व तिरको बैंक भौचर।<br>• जुन जिल्ला प्रशासन कार्यालयबाट इजाजतपत्र जारी भएको हो सोही जिल्ला प्रशासन कार्यालयमा इजाजतपत्र प्राप्त गर्ने व्यक्ति स्वयं उपस्थित भई निवेदन पेश गर्नुपर्ने (परिपत्र)<br>• नजिकको प्रहरी ईकाईबाट इजाजत अनुसारको हातहतियार भए नभएको एकीन गरी प्रमाणित गरिएको कागजात<br>**ख) इजाजतपत्रको नामसारी**<br>• नियमावली वमोजिम निर्धारित ढाँचाको निवेदकको निवेदन<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र<br>• हतियार ईजाजतपत्रको सङ्कल प्रति<br>• निरोगिताको प्रमाणपत्र<br>• नाता प्रमाणित प्रमाणपत्र<br>• हकछाडी दिने लिनेको हकमा नियमावलीको अनुसूची १३ र १४ बमोजिमको निवेदन<br>• ईजाजतप्राप्त व्यक्तिको मृत्यु भएमा निजको मृत्युदर्ता प्रमाणपत्र सहित हकवालाले निवेदन र एकभन्दा बढी हकवाला भए निजहरूको मञ्जुरीनामा समेत<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• प्रहरी चालचलन प्रतिवेदन |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | **ग) ईजाजतपत्रको ठाउँसारी**<br>• नियमावली बमोजिम निर्धारित ढाँचाको निवेदकको निवेदन<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र<br>• हतियार ईजाजतपत्रको सक्कल प्रति<br>• वसाइसराई दर्ता प्रमाणपत्र |
| **१५. नागरिकता अनुसार शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउने** | • निवेदकको निवेदन<br>• हालसालै खिचेको फोटो प्रमाणित सहितको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• नेपाली नागरिकताको प्रमाण पत्र<br>• सम्बन्धित विद्यालयको सिफारिस पत्र<br>• सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र<br>• संशोधन गर्नु पर्ने शैक्षिक प्रमाण पत्रहरूको प्रतिलिपि<br>• दुबै कान देखिने गरी हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति । |
| **१६. राहदानी बनाउन** | • अनलाइन फाराम<br>• नेपाली नागरिकताको सकल प्रमाणपत्र<br>• राष्ट्रिय परिचयपत्र नम्बर<br>• नाबालकको हकमा नाबालक परिचयपत्र र बाबु/आमा मध्ये एक जनाको नागरिकताको प्रतिलिपि<br>• विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्र<br>• बसाई सराईको हकमा बसाई सराई दर्ता प्रमाणपत्र<br>• राहदानीको म्याद सकिएको भए सकल राहदानी र हराएको/बिगिएको हकमा राहदानीको प्रतिलिपि<br>• नियमानुसारको राजश्व दस्तुर तिरिएको सकल बैंक भौचर<br>राहदानी दस्तुर:<br>राहदानी दस्तुर राहदानीको प्रकार,उमेर,सेवा गतिको आधारमा फरक हुन्छ ।<br>हालको समयको लागि लाग्ने राहदानी दस्तुरहरु सामान्यतया निम्नानुसार छन् ।<br>• नयाँ राहदानी र नविकरण (३४ पृष्ठको हकमा) रु.५,०००।-<br>• नयाँ राहदानी र नविकरण (६६ पृष्ठको हकमा) रु.१०,०००।-<br>• हराएको, पाना च्यातिएको, केरेमट भएको वा अन्य कारणले राहदानी प्रयोग हुन |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा

| | |
|---|---|
| | नसक्ने भएको अवस्थामा थप पाँच हजार रूपैया |
| **१७. राहदानी लिन आउँदा** | • सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र । <br>• सम्बन्धित व्यक्ति नआई निजको एकाघरको व्यक्ति राहदानी लिन आएका आउने व्यक्तिको नागरिकताका साथै निजसँग नाता भिड्ने कागजात । |
| **१८. राष्ट्रिय परिचयपत्र बनाउन** | • अनलाइन फाराम(कार्यालयमै भर्न सकिने) <br>• नेपाली नागरिकताको सकल प्रमाण पत्र <br>• विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्र <br>• बसाई सराईको हकमा बसाई सराई दर्ता प्रमाणपत्र <br>• श्रीमान/श्रीमतीको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाणपत्र । |
| **१९. राष्ट्रिय परिचयपत्र कार्ड लिन** | • नेपाली नागरिकताको सकल प्रमाणपत्र <br>• विवरण दर्ता गर्दाको आवेदन रुजु फारम वा राष्ट्रिय परिचयपत्र नम्बर वा राष्ट्रिय परिचयपत्र सम्बन्धी सिस्टमबाट प्राप्त म्यासेज <br>व्यक्ति स्वयं उपस्थित हुनुपर्ने । |
| **२०. विपद् प्रभावितले तत्काल राहत प्राप्त गर्न** | • निवेदकको निवेदन <br>• सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र <br>• क्षतिको रकम र एकघरका परिवार सङ्ख्या उल्लेख भएको प्रहरी सर्जमिन मुचुल्का सक्कल प्रति <br>• पिडितको नेपाली नागरिकताको प्रमाणपत्र <br>• क्षति भएको घरको फोटो <br>• विपदको घटनामा परी मृत्यु भएमा मृतकको मृत्यु दर्ता प्रमाणपत्र, प्रहरी सर्जमिन मुचुल्का, नजिकको हकवालालाँगको नाता प्रमाणित र नजिकको हकवालालाको बैंक खाता नम्बर <br>• प्रबलीकरण, पुनस्थापना र पुननिर्माणको हकमा स्वीकृत मापदण्ड र कार्यविधि वमोजिम हुनेछ। |

पुनश्र: कार्यालयले उपर्युक्त सेवा प्रवाहको क्रममा जाँचबुझ गर्दा आवश्यक ठानेमा स्थलगत प्रहरी सर्जमिन मुचुल्का लगायत अन्य कागजात माग गर्न सक्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी, धनकुटा